आज मिति २०७८।०३।१४ गते शुक्रवारका दिन सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री योगेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षता विभिन्न सरोकारवाला निकायहरू, संघ संस्थाहरू, निर्वाचित जन प्रतिनिधिज्यूहरू, जिल्ला स्थित सुरक्षा कर्मिका प्रमुखज्यूहरू पार्टि प्रतिनिधिज्यूहरू लगायत रहनुभएका महानुभावहरूको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समिति, सिन्धुलीको बैठक बसि देहाए अनुसारका निर्णयहरू गरियो।

## उपस्थिती

अध्यक्ष श्री योगेन्द्र प्रसाद पाण्डे, प्र.जि.अ. सिन्धुली।
मा. प्रदेप कटुवाल, बागमती प्रदेश, सिन्धुली
श्री शंकर राज बर्मा तिवारी, समन्वय प्रमुख
श्री खड्ग खत्रि, क.न.पा. नगर प्रमुख
श्री घनश्याम राउत, दु.न.पा. नगर प्रमुख
श्री घनश्याम कार्कि, प्रमुख, फिक्कल गा.पा.
श्री कर्ण ब. थापामगर, (धन ब. कार्कि) प्रमुख, तिनपाटन गा.पा.
श्री पुष्प कार्कि, प्रमुख, गोलान्जोर गा.पा.
श्री दिपा बोहोरा दहाल, प्रमुख, सुनकोशि गा.पा.
श्री जगत ब. भंडारी प्रमुख, घ्याङलेख गा.पा.
श्री पानीराज बजगाई, प्रमुख मरिण गा.पा. सिन्धुली
श्री कारसाङ तामाङ प्रमुख, हरिहरपुरगढी गा.पा.
श्री कमल अंगाराई, ने.क.पा. प्रतिनिधि
श्री दिपक घिमिरे, ने.का. सिन्धुली प्रतिनिधि
स.प्र.जि.अ. श्री ऋद्धिप्रकाश सिटौला
प्रमुख सेनानी श्री विजय थापा, वर्दबहादुरगण
प्र.उ. श्री रन्जु सिग्देल, जि.प्रहरी का. सिन्धुली
स.प्र.ना.उ. श्री गोपिकृष्ण महराई
प्र.अ.अ. श्री हेमन्त चौधरी
श्री विमल तिमाल्सिना, ज.स.का. सिन्धुली
सेनानी श्री सचिन खड्का, वर्द ब.गण।
उ.वा.संघ अध्यक्ष श्री अमरेश चन्द्र वैद्य
श्री [illegible]

श्री घनश्याम कार्की, सिंचाई डि. कार्यालय, सिन्धुली
श्री रमेश आचार्य, कि.दि.राजमार्ग सडक आयोजना
श्री भरत विडारी, कृषि ज्ञानकेन्द्र सिन्धुली, (प्रमुख)
श्री अशोक श्रेष्ठ, सभापति ने.रे. सिन्धुली
श्री नीर गजुरेल, शिक्षा समन्वय इकाइ सिन्धुली
श्री वेदराज हडहाल, अध्यक्ष, गोरखप महासंघ
श्री महेश गुप्ता, कमला नदि नियन्त्रण आयोजना, जनकपुर
श्री गोपी मान श्रेष्ठ, भेनरी अस्पताल, सिन्धुली
श्री जितेन्द्र साह, प्रमुख जि. स्वा.का. सिन्धुली
डा. श्री लक्ष्मण खड्का, मे.सु. सिन्धुली अस्पताल
संचार कर्मी श्री श्रवण कार्की, रामिन्धुन टि.कि.
संचार कर्मी श्री मि कुरुप हडहाल ने.टि.भि.
पत्रकार महासंघ सभापति श्री रमन कार्की
श्री विरेन्द्र साह, स्वा. संयोजक, गोलन्जोर गा.पा.
ने.रे. सो. अधिकृत पूर्ण प्रसाद पाण्डेय
प्र.अ. श्री उपेन्द्र न्यौपाने, जि. प्रशासन का. सिन्धुली।
ना.सु. श्री गोविन्द प्रसाद कोइराला
प्र. प्रशा. अधिकृत श्री टंकनाथ घिमिरे जिकमल गा.पा. सिन्धुली

## निर्णयहरु

१) विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्थानीय तहहरु, नेपाल रेडक्रस सोसाइटी तथा गैर सरकारी निकायबाट हालसम्म भएका कार्यहरुको समिक्षा गरियो र यस सम्बन्धमा सबै सरोकारवाला निकायबाट भएका प्रयास तथा कार्यहरुको सरहाना गर्दै आगामी दिनमा यसको संक्रमणबाट जिल्लालाई जोगाउन यसै गरी समन्वयात्मक रुपमा कार्य गर्ने निर्णय गरियो ।

२) यस जिल्ला भित्र घट्न सक्ने सम्भावित विपद्का घटनाहरुको जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि कार्यान्वयनमा रहेको "विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७६" लाई विभिन्न सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरु र विषयगत नेतृत्व गर्ने निकायहरुसँगको समन्वय सहकार्य र छलफलका आधारमा समसामयिक विषयहरु समेत समावेश गरी अद्यावधिक गरी पेश हुन आएको "विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७" लाई स्वीकृत गरी कार्यान्वयन गर्ने र यस योजनाको प्रकाशन गर्न नेपाल रेडक्रस सोसाइटी सिन्धुलीलाई जिम्मा दिने ।

३) मनसुनको समयमा जिल्ला भित्र हुन सक्ने सम्भावित विपद् बाढी, पहिरो, आगालागी, हुरी बतास, चट्याङ्ग, भुकम्प जस्ता विषयमा खोज उद्धार राहत तथा पुनर्स्थापना लागि सवै सुरक्षा निकाय, स्थानीय तह, सरकारी तथा गैर सरकारी निकायहरु तत्काल परिचालन हुने गरी तयारी अवस्थामा रहने ।

४) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ मा तोकिए बमोजिम सवै सुरक्षा निकायहरु, स्थानीय तह, सरकारी तथा गैर सरकारी निकायहरुले विपद्को समयमा खोज, उद्धार र राहतका लागि आवश्यक पर्ने उपकरण, खाद्य तथा गैरखाद्य सामाग्रीहरुको यथोचित बन्दोबस्त मिलाउने ।

५) सबै स्थानीय तह, सम्बन्धित सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुले विपद्को पूर्व तयारी सँग सम्बन्धित विषयमा सचेतनामूलक कार्यक्रमहरु स्थानीय संचारमाध्यम, सामुदायिक रेडियो, एफ.एम., पत्रपत्रिका आदिबाट प्रकाशन/प्रसारण गर्ने ।

६) सबै स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहभित्र आवश्यकतानुसार कार्यान्वयन गर्ने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गर्ने, सोको लागि आवश्यक बजेट विनियोजन गर्ने साथै विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने । उक्त समितिलाई सूचना संकलनको माध्यमको रुपमा सक्रिय बनाउने ।

७) विपद्को समयमा तत्काल परिचालित हुन सक्ने गरी बनेपा-सिन्धुली-बर्दिबास सडक आयोजना, मध्यपहाडी लोकमार्ग आयोजना, मदनभण्डारी लोकमार्ग आयोजना र कमलामाई नगरपालिकाको डोजर, स्क्याभेटरलाई स्ट्याण्डवाई अवस्थामा राख्ने । सबै स्थानीय तहले एम्बुलेन्स र दमकल जस्ता साधनहरुलाई मर्मत गर्नुपर्ने भए मर्मत गरी तयारी अवस्थामा राख्ने।

८) सिन्धुली अस्पताल, नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखा र निजी क्षेत्रबाट संचालित समेत सबै एम्बुलेन्सहरु जुनसुकै बखत प्रयोग गर्न सकिने गरी चालु अवस्थामा राख्न निर्देशन दिने ।

९) सिन्धुली अस्पताल, स्वास्थ्य कार्यालय तथा सवै स्थानीय तहले विपद्को समयमा अति आवश्यक औषधीहरु तयारी अवस्थामा राख्ने । आवश्यकता अनुसार तुरुन्तै परिचालित हुन सक्ने गरी स्वास्थ्यकर्मीहरुको QRT (Quick Response Team) बनाउने र जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने ।

१०) विपद्को समयमा जिल्ला भित्र आवश्यक पर्ने खाद्य तथा गैर खाद्य सामग्रीको अभाव हुन नदिन सिन्धुली उद्योग बाणिज्य संघका तर्फबाट विशेष पहल गर्ने ।

११) विपद्को समयमा सर्व साधरण जनताको दैनिक जीवनमा तत्काल असर पर्ने सञ्चार, विद्युत, खानेपानी जस्ता अत्यावश्यक सेवा तत्काल सुचारु राख्नको लागि सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिने ।

१२) जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला आपतकालिन कार्य संचालन केन्द्रलाई सवलीकरण गर्न स्थानीय तह र गैरसरकारी संस्थालाई अनुरोध गर्ने ।

१३) कमला नदि नियन्त्रण आयोजना, सिन्धुलीको दुधौली न.पा. वडा नं. १ मरलाहीको मुखमा, वडा नं. ३ तल्लो खुट्टेपानी, वडा नं. १ र ४ घाट गाउँ डकाहा बजार बचावट, वडा नं. ५, घारीथुन्सी, वडा नं. ६ जगारी पुलको तल, वडा नं. ९ छतिवन गाछी, वडा नं. ११ हरकट्टा दोभान, मधुवनी फाँट, पत्रिगा टाडी कमला पुल मुनी, कमलामाई न.पा. वडा नं. ८ सिस्नेरीको विभिन्न ठाउँ, वडा नं. ९ पुल भन्दा माथि, वडा नं. १० भिमान खोला देखि कोरम खोला सम्ममाा कमला नदीको विभिन्न ठाउँ लगायत अन्य जोखिमका स्थानहरुमा संरचनाहरु निर्माण मर्मत सम्भार नभएमा जनधनको क्षति हुने सम्भावनालाई मध्यनजर गरी जल उत्पन्न प्रकोप व्यवस्थापनको आपतकालिन कार्यको कार्यविधि, २०७३ अनुसार तुरुन्त कार्य शुरु गरी बर्षाको बाढि अगाडी नै कार्य सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

१४) सिड्स नेपाल सिन्धुलीले वर्ड भिजन इन्टरनेशन नेपालको साझेदारीमा नेपाल कभर परियोजना (विपद सम्बन्धी परियोजना) यस जिल्लाको गोलन्जोर, तिनपाटन र फिक्कल गाउँपालिकाक्षेत्रमा सम्बन्धित स्थानीय तहको समन्वयमा सञ्चाल गर्न अनुमती माग गरेकोले सिड्स नेपाल, सिन्धुलीलाई विपद सम्बन्धी परियोजना सञ्चालन गर्न अनुमती दिने ।

१५) बागमती प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको पत्र संख्या ०७६/७७ च.नं. १३७३ मिति २०७६।१२।२३ गतेको पत्रबाट कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि प्राप्त रकम रु ५,००,०००/- (पाँच लाख रुपैया) मध्येबाट सर्जिकल मास्क १०००  थान, ग्लोब्स १००० जोडी, स्यानिटाइजर १०० मि.लि. ४५० पिस Dexid-400 १००० मि.लि.को ५ बोतल, स्प्रे ट्यांक २ पिस, KN 95 मास्क ५० थान खरिद गरिसकेकोले समर्थन गर्ने र बाँकी रकम कोभिड-१९ को रोकथामका लागि आवश्यक स्वास्थ्य उपकरणहरु जस्तै स्यानिटाइजर, ग्लोब्स्, मास्क, VTM Kit लागायतका सामानहरु खरिद गर्ने ।

१६) गृह मन्त्रालय, विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखाबाट खोज तथा उद्धार सामग्री खरिद गर्न प्राप्त रु २ लाख बाट यस जिल्लामा विपद् प्रकोप प्रतिकार्यको लागि आवश्यक पर्ने खोज तथा उद्धार सामग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

१७) यस जिल्लामा मिति २०७६ साल श्रावण १ गते देखि २०७७।२।२३ गते सम्म विपदमा परि मृत्यु हुने ९ जनालाई जनही रु १ लाखका दरले जम्मा रु. ९ लाख र विपदमा परी पूर्ण रुपले क्षति भएका घरपरिवार संख्या १४ लाई दिइएको राहत रकम जम्मा रु ९८,५००/- गरी कुल जम्मा ९,९८,५००/- (अक्षरेपी नौ लाख अन्ठानब्बे हजार पाँच सय रुपैया) भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

१८) कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि जिल्लास्तरमा एउटा कोष संचालन गर्ने, यसको लागि जिल्ला समन्वय समितिमा छुट्टै कोभिड-१९ सँग सम्बन्धित खाता खोल्ने । यसमा जिल्ला स्थित सबै पालिकाहरु सरकारी तथा गैरसरकारी निकायहरुबाट स्वेच्छाले रकम जम्मा गर्ने । यस खाताको संचालनको लागि छुट्टै कार्यविधि बनाई संचालन गर्ने ।

१९) कोरोना भाईरस (Covid-19) महामारीका कारण कोभिड नियन्त्रणमा आवश्यक पर्ने Infrared forehead theormometer सिन्धुली समाज दक्षिण कोरियामा रहेको युवाहरु बाट आर्थिक संकलन गरी सिन्धुली जिल्लाको स्वास्थ्य प्रदायक निकायहरु, सुरक्षा निकाय लगायतमा वितरणको लागि जिल्ला प्रशासन कार्यालय सिन्धुली, सिन्धुली अस्पताल, स्वास्थ्य कार्यालय सिन्धुलीको सिफारिसमा नेपाल रेडक्रस सोसाइटी सिन्धुलीमा प्राप्त भएको १०० (एक सय) थान Infrared forehead theormometer निम्न गाउँपालिका/ नगरपालिका, सुरक्षा निकाय तथा अन्य सेवा प्रदायक निकायहरुमा वितरण गर्ने र यसको वितरणको लागि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सिन्धुलीले समन्वय गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | निकाय | वितरण संख्या |
|---|---|---|
| १ | कमलामाई नगरपालिका सिन्धुली | ७ |
| २ | दुधौली नगरपालिका सिन्धुली | ७ |
| ३ | सुनकोशी गाउँपालिका | ७ |
| ४ | मरिण गाउँपालिका | ७ |
| ५ | हरिहरपुरगढी गाउँपालिका | ७ |
| ६ | घ्याङ्लेख गाउँपालिका | ७ |
| ७ | गोलन्जोर गाउँपालिका | ७ |
| ८ | फिक्कल गाउँपालिका | ७ |
| ९ | तिनपाटन गाउँपालिका | ७ |
| १० | सिन्धुली अस्पताल | ५ |
| ११ | जिल्ला प्रशासन कार्यालय, सिन्धुली | २ |
| १२ | जिल्ला समन्वय समिति | १ |
| १३ | जिल्ला प्रहरी कार्यालय | ४ |
| १४ | बर्द बहादुर गण | २ |
| १५ | सशस्त्र प्रहरी बल | २ |
| १६ | स्वास्थ्य कार्यालय सिन्धुली | २ |
| १७ | सामुदायिक आँखा अस्पताल | २ |
| १८ | रक्त संचार सेवा सिन्धुली | २ |
| १९ | उद्योग वाणिज्य संघ, सिन्धुली | १ |
| २० | नेपाल पत्रकार महासंघ सिन्धुली | १ |
| २१ | नेपाल निर्माण व्यवसायी संघ ,सिन्धुली | १ |
| २२ | नेपाल रेडक्रस सोसाइटी सिन्धुली | १२ |